# छैटौं अध्याय

## उपसंहार एवम् निष्कर्ष

### ६.१ उपसंहार

अध्ययनको सुविधाका निम्ति प्रस्तुत शोधप्रबन्धलाई छः वटा अध्यायहरूमा विभाजन गरी यसको सङ्गठन गरिएको छ। यस शोध प्रबन्धको पहिलो अध्याय **शोध परिचय** रहेको छ र यस अन्तर्गत शोध-शीर्षक, शोध-समस्याकथन, शोध-कार्यको उद्देश्य, पूर्वकार्यको सर्वेक्षण, शोध कार्यको औचित्य, शोध कार्यको सीमा र क्षेत्र, शोध विधि, शोध-सामग्री स्रोत, भावी शोधकर्तालाई सुझाउ, शोध-सङ्गठन जस्ता सैद्धान्तिक कुराहरू रहेका छन्।

प्रस्तुत शोध प्रबन्धको दोस्रो अध्याय **उपनिवेश, उपनिवेशवाद र उत्तर औपनिवेशिकताशवादको अवधारणाहरूको परिचय** शीर्षक रहेको छ। यस अध्यायमा उपनिवेशको अर्थ र परिभाषित स्वरूपलाई शब्दकोश र साहित्यिक अवधारणा जस्ता उपशीर्षकहरूमा राखेर चर्चा गरिएको छ। उपनिवेशको प्रकारहरूको चर्चासितै उपनिवेशवादको अवधारणालाई सामाजिक वा समाजशास्त्रीय, राजनैतिक, आर्थिक, साहित्यिक आधारहरूमा विश्लेषण र विवेचना गरिएको छ। उपनिवेशवाद र साम्राज्यवाद अनि उपनिवेशवाद र उत्तरऔपनिवेशिकतावाद माझको साम्य-वैसम्यलाई पनि यस अध्यायमा केलाइएको छ। औपनिवेशिकरणको पृष्ठभूमिलाई पौराणिक वा ऐतिहासिक र आधुनिक उपशीर्षकहरूमा अनि औपनिवेशिकरण सन्दर्भका आधारहरूलाई सामाजिक, राजनैतिक, धार्मिक, भाषिक तथा सांस्कृतिक उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ।

प्रस्तुत शोध प्रबन्धको तेस्रो अध्याय **भारतीय नेपाली गद्याख्यानमा औपनिवेशिक सन्दर्भ** शीर्षक रहेको छ। यस अध्यायअन्तर्गत भारतीय नेपाली गद्याख्यानको परिचय, भारतीय नेपाली गद्याख्यान लेखन साहित्यको पृष्ठभूमि र परम्परालाई प्राथमिककाल, माध्यमिककाल, आधुनिककाल वा प्रयोगकाल र उत्तर-आधुनिककाल वा उत्तर-प्रयोगकाल जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको चर्चा र विविचना गरिएको छ। गद्याख्यानको परिभाषित स्वरूपलाई गद्यको परिभाषा र आख्यानको परिभाषा उपशीर्षकहरूमा चर्चा गर्दै गद्याख्यानका तत्त्वहरूको चर्चा पनि गरिएको छ। कथा र उपन्यासको गद्याख्यानात्मक स्वरूप र कथा र उपन्यासमाझको समानता र असमानताबारे विवेचना यस अध्यायमा गरिएको छ। यसै गरी प्रस्तुत अध्यायमा केही भारतीय नेपाली गद्याख्यानकारहरू र तीनका कथा र उपन्यासमा पाइने औपनिवेशिक सन्दर्भको विवेचना समेत गरिएको छ। जसअन्तर्गत कथाकार रूपनारायण सिंहको परिचय र औपनिवेशिक सन्दर्भमा तिनको 'मिस्टर एच. बी. ब्यास्नेट' कथाको विवेचना, कथाकार हायमनदास राई 'किरात' को परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'चौकीदार' कथाको विवेचना, कथाकार शिवकुमार राईको परिचय र

औपनिवेशिक सन्दर्भमा उनको 'माछाको मोल' कथाको विवेचना, कथाकार एम. एम. गुरूङको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'टिस्टा बग्छ सधैंजस्तो' कथाको विवेचना, कथाकार इन्द्र बहादुर राईको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'विश्व तिम्रा चरणमा' कथाको विवेचना, कथाकार बद्रीनारायण प्रधानको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'बोनस' कथाको विवेचना, उपन्यासकार लैनसिंह बाङ्देलको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'मुलुकबाहिर' उपन्यासको विवेचना, उपन्यासकार इन्द्रबहादुर राईको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'आज रमिता छ' उपन्यासको विवेचना, उपन्यासकार रविन्द्र कुमार मोक्तानको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'दुइ पात एक सुइरो' उपन्यासको विवेचना, उपन्यासकार सुवासको परिचय र औपनिवेशिक सन्दर्भमा उनको ' मने ' उपन्यासको विवेचना, उपन्यासकार असित राईको परिचय र औपनिवेशिक सन्दर्भमा उनको 'नयाँ क्षितिजको खोज' र 'यन्त्रणा' उपन्यासको विवेचा, जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको विश्लेषण र विवेचना गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको चौंथो अध्याय **औपनिवेशिक सन्दर्भमा दार्जीलिङ र इन्द्र सुन्दास** रहेको छ । यस अध्यायअन्तर्गत विविध पृष्ठभूमिभित्र दार्जीलिङको परिचयलाई ऐतिहासिक, भौगोलिक, जनसाङ्ख्यागत, भाषिक, धार्मिक, शैक्षिक, सामाजिक, आर्थिक, र राजनैतिक उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ । यसरी नै प्रस्तुत अध्ययमा इन्द्र सुन्दासको व्यक्तित्वलाई जन्म, बाल्यकाल, औपचारिक शिक्षा, स्वाध्ययन, दाम्पत्य, पारिवारिक जीवन, पेसा, देहवासन जस्ता उपशीर्षकहरूमा चर्चा गरिएको छ। इन्द्र सुन्दासको स्वाभाविक व्यक्तित्व चर्चा एवम् इन्द्र सुन्दासको साहित्यिक व्यक्तित्व र कृतित्वलाई कविको रूपमा, कथाकारको रूपमा, उपन्यासकारको रूपमा, अनुवादकको रूपमा, विविध विषयक रचनाकारका रूपमा जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको अध्ययन र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको पाँचौ अध्याय **इन्द्र सुन्दासका गद्याख्यानहरूमा औपनिवेशिक सन्दर्भको विश्लेषण** रहेको छ। यस अध्यायअन्तर्गत गद्याख्यानकारको रूपमा इन्द्र सुन्दासको परिचयलाई चर्चा गरिएको छ। औपनिवेशिक सन्दर्भमा इन्द्र सुन्दासका कथाहरूमा **रानी खोला** कथासङ्ग्रह भित्रका कथाहरूमा औपनिवेशिक सन्दर्भ र **रोमन्थन** कथासङ्ग्रभित्रका कथाहरूमा औपनिवेशिक सन्दर्भ जस्ता उपशीर्षकहरूमा विश्लेषण र विवेचना गरिएको छ। यसरी नै प्रस्तुत अध्यायमा औपनिवेशिक सन्दर्भमा इन्द्र सुन्दासका उपन्यासहरू **मङ्गली** उपन्यासमा औपनिवेशिक सन्दर्भ, **जुनेली रेखा** उपन्यासमा औपनिवेशिक सन्दर्भ, **नियति** उपन्यासमा औपनिवेशिक सन्दर्भ र **सहारा** उपन्यासमा औपनिवेशिक सन्दर्भ जस्ता उपशीर्षकहरूमा सम्बन्धित विषयको अध्ययन र विश्लेषण गरिएको छ ।

प्रस्तुत शोध प्रबन्धको छैटौं अध्याय **उपसंहार एवम् निष्कर्ष**शीर्षकको रूपमा रहेको छ। यसको 'उपसंहार' अंशमा प्रस्तुत शोधप्रबन्धका पूर्ववर्ती अध्यायहरूमा गरिएका कार्यहरूको सारसङ्क्षेप प्रस्तुत गरिएको छ भने यसको 'निष्कर्ष' अंशमा प्रस्तुत शोधकार्यबाट प्राप्त निष्कर्षलाई केही बुँदाहरूमा समेटेर प्रस्तुत गरिएको छ। यसपछि परिशिष्ट र सन्दर्भग्रन्थ सूची राखिएको छ।

## ६.२ निष्कर्ष

गहन विषयालाई अध्ययन, मनन र चिन्तन गरेर त्यसको सत्य पत्तो लगाउनुलाई निष्कर्ष भनिन्छ। निष्कर्षले कुनै पनि कुरोको मूल आशयलाई प्रकटीकरण गर्ने कार्य गर्छ। त्यसैले प्रस्तुत शोध प्रबन्धमा दार्जीलिङ र इन्द्र सुन्दासका गद्याख्यानहरूलाई औपनिवेशिक सन्दर्भमा अध्ययन गरेर प्राप्त निष्कर्षलाई यहाँ केही बुँदाहरूमा समेट्ने प्रयास गरिएको छ –

- 'गद्य' पद्यको विपरीत शब्द योजना वा विधा विशेष हो। यो श्लोकरहित तर लयवद्ध हुन्छ।

- 'आख्यान' संस्कृतबाट नेपाली भाषामा आएको तत्सम शब्द हो। संस्कृत भाषाको**ख्या** धातुमा **ल्युट** प्रत्यय र **आ** उपसर्ग लागेर **आख्यान** शब्द बन्दछ, जसको अर्थ कुनै पौराणिक कुरो वा इतिवृतलाई जनाउने वा घोषणा गर्ने शब्दको व्यवहार विशेष भन्ने बुझिन्छ।

- गद्य र आख्यान दुई शब्दको योगले 'गद्याख्यान' कथा र उपन्यासको सम्मिश्रित रूप हो।

- संस्कृत भाषाको मूल शब्द 'उपनिवेश' लाई नेपाली भाषामा प्रभाव, प्रभुत्व, आधिपत्य आदिको रूपमा प्रयोग गरिन्छ। 'उपनिवेश' भन्नाले कुनै एउटा स्थायी व्यवस्थालाई नयाँ प्रभावशाली व्यवस्थाले थिचेर, डाकेर, किनारीकृत गरेर आफ्नो आधिपत्य जमाउँनु तथा प्रभुत्व खडा गर्नु भन्ने बुझिन्छ।

- 'उपनिवेश' वास्तवमा यो शक्तिशाली मुलुकहरूले निर्बल मुलुकहरूलाई शासन गर्न हेतु स्थापित एउटा व्यवस्था विशेष हो।

- एउटा शक्तिशाली मुलुकले अर्को दुर्बलमुलुकलाई आफ्नो नियन्त्रणमा राखी त्यसलाई विविध पक्षबाट शोषण गर्दै आफ्नो शक्ति प्रदर्शनको माध्ययम बनाउँदछ भने पराधीन त्यस मुलुकलाई शासक मुलुकको 'उपनिवेश' अनि शासकलाई चाहिँ 'उपनिवेशक' भनिने गरिन्छ।

- उपनिवेशहरू दुई प्रकारका हुन्छन्। ती हुन्-बिन्दु उपनिवेश र क्षेत्रीय उपनिवेश। 'बिन्दु उपनिवेश' भन्नाले विशाल समुद्रका बीचमा रहेका साना टापु तथा ठूला महाद्वीपका साना प्रदेशहरू हुन् भने 'क्षेत्रीय उपनिवेश' आर्थिक तथा राजनैतिक कारणले नियन्त्रण गरिएको भू-प्रदेश हो।

- संस्कृत भाषाको उपनिवेश शब्दमा 'वाद' जोड़ेर बनेको 'उपनिवेशवाद' अङ्ग्रेजी भाषाको कोलोनीयल शब्दमा 'इज्म' लागेर कोलोनियालिज्म शब्दको पर्यायको रूपमा नेपाली भाषामा चलिआएको शब्द हो।

● 'उपनिवेशवाद' को अर्थ औपनिवेशिक सिद्धान्त वा विचार भन्ने हुन्छ । यो मूलरूपमा औपनिवेशिक हित वा नीतिहरू, औपनिवेशिक संस्कृति व समाज, औपनिवेशिक विचार वा सिद्धान्तहरूका माध्ययम शासन र शोषणको दिशामा क्रियाशील रहने एक प्रक्रिया हो ।

● उपनिवेशवादमा दासत्व, दमन प्रतिरोध, देशान्तरण प्रतिनिधित्व, मत वैभिन्यता, जाति, लिङ्ग, स्थान, इतिहास अनि भाषा आदिमाथि साम्राज्यवादी युरोपीय वक्तव्यको प्रतिक्रिया आदि जस्ता कुराहरू पर्दछन्।

● मानव सभ्यताको प्रारम्भदेखि नै जीवविज्ञानको एक प्रतिपादन 'सर्भाइबल टू द फिटेस्ट' अर्थात् जो बलियाहरू छन् उही बाँच्तछन् भने झैं कतिपय अति महत्वाकाङ्क्षी जाति एंव साम्राज्यवादी देशले आफ्ना सीमालाई नाघेका र आफूलाई फैलाएका दृष्टान्तहरूसितै औपनिवेशिकरण प्रक्रियाको इतिहास पनि शुरू भएको मानिन्छ।

● प्रथमतः सुमेरू अनि पछि इजिप्सियन, फिनिसियन, इजियन, चिनियाँ, भारतीय, ग्रीक, पर्सियन र मङ्गोलहरूले प्राचीन तथा मध्ययुगमा अन्य मुलुकहरूमाथि विजय गर्दै आफ्नो प्रभुत्व बढ़ाए पछि ती जितेका क्षेत्रहरूमा आ-आफ्ना उपनिवेश कायम गर्दै गएको मानिन्छ ।

● मूलरूपमा कुनै दुर्बल मुलुकका वासिन्दालाई शक्तिशाली मुलुकले आफ्नो प्रभुत्व जमाउन हेतु जबर्जस्ती प्रयोग गरेका नीति वा विचारगत आधारहरू नै औपनिवेशिकरण सन्दर्भका आधारहरू हुन्।

● आफ्नो आधिपत्य जमाउने उद्देश्यले कुनै कुरो जबरजस्ती थोप्नु नै 'औपनिवेशिकरण' हो । यसको विशाल प्रभाव केवल आर्थिक एवम् राजनैतिक क्षेत्रहरूमा मात्रै नपरेर व्यक्ति, समाज आदिको सोंच र मानसिकतामाथि पनि पर्दछ ।

● औपनिवेशकरणले एउटा क्षेत्र र सीमालाई मात्र प्रभाव नपारेर विविध क्षेत्रलाई पनि प्रभाव पार्दछ ।

● भारतीय नेपाली गद्याख्यानको आधुनिक कालमा दार्जीलिङबाट उदाएको एउटा उज्जवल नक्षत्रको नाम इन्द्र सुन्दास हो।

● गद्याख्यानकार इन्द्र सुन्दासका कथा र उपन्यासमा तत्कालीन दार्जीलिङको औपनिवेशिकरणको विशेषता टडकारो रूपमा चित्रित भएको पाइन्छ ।

● दार्जीलिङ पश्चिम बङ्गाल राज्यको उत्तरमा अवस्थित एउटा जिल्ला हो। यस जिल्लाका प्रमुख जाति नेपाली / गोर्खाली हुन्।

● दार्जीलिङमा सन् १८३५ देखि एक औपनिवेशिक क्षेत्रको रूपमा ब्रिटिशहरूले शासन गरेको मानिन्छ।

● सन् १८३५ देखि दार्जीलिङ पहाडी क्षेत्रमा ब्रिटिश उपनिवेशिकरण प्रक्रियाको विस्तार भएपछि यस अञ्चलमा अङ्ग्रेज कम्पनी सरकारको प्रभुत्व बड्दै गएको हो। वस्तुतः ब्रिटिशहरूले दार्जीलिङ पहाडी क्षेत्रमा आफ्नो उपनिवेशिकरण प्रक्रियाको विस्तार गर्नअघि यहाँ चरम पछौटे, दास प्रथामाथि आधारित सामन्ती शासनको व्यवस्था रहेको थियो।

● दार्जीलिङ पहाडी क्षेत्रमा ब्रिटिस उपनिवेशिकरण प्रक्रियाको विस्तारलाई मूलतः स्वतन्त्रतापूर्व र स्वतन्त्रतोत्तर दुइ भागमा विभक्त गरी अध्ययन गर्दा आर्थिक, शैक्षिक र सामाजिक शोषणको चित्र उदाङ्गो हुदँछ।

● दार्जीलिङ क्षेत्रमा अङ्ग्रेजहरूको औपनिवेशिक शासन विस्तारको मुख्य आधार चियाको खेती नै थियो। यस क्षेत्रमा यसै चिया खेतीको थालनीसितै यहाँको स्वास्थय, शिक्षा, पर्यटनको दिशामा समेत अङ्ग्रेजहरूले दार्जीलिङका जन-जीवनलाई शोषण गरेको तथ्यहरू भेटिन्छन्।

● भारत स्वाधीन भएपछि पनि दार्जीलिङ पहाडी क्षेत्रमा ब्रिटिश उपनिवेशिकरण मेटिएर गयो भन्न सकिन्न। स्वाधिनता पछि धेरै अङ्ग्रेज मालिकहरूले भारतीय मालिक तथा कम्पनीहरूलाई आफ्ना कमान बिक्री गरेपछि कमानका साधारण र सोझा मजदुरहरू नयाँ मालिकका अधिनमा बस्न परेका थिए, अहिले पनि बसिनै रहेका छन्।

● दार्जीलिङ क्षेत्रमा चियाको खेती पछि होटल र बोर्डिङहरूको स्थापनाले पर्यटन उद्योग अझ बढेर गए तापनि यस पर्यटन उद्योगबाट यहाँका रैथाने नेपालीहरूले भन्दा पनि अङ्ग्रेज व्यापारीहरूले नै मुनाफा आर्जन गरेको बुझिन्छ। नेपालीहरू भने केवल यस्ता होटल र बोर्डिङहरूमा दर्वान, बेहेरा तथा नोकर चाकर भन्दा बड़ी कुनै ओहोदामा कार्यरत् थिएनन्।

● अठारौँ शताब्दीको मध्यावधिदेखि दार्जीलिङलाई एक खुल्ला व्यापारिक केन्द्रको रूपमा अङ्ग्रेजहरूले प्रयोग गरेका थिए। उनीहरूले यहाँबाट चिया-उद्योग, होटल व्यवसाय, सिन्कोना खेतीसितै दार्जीलिङ क्षेत्रसित सङ्गलग्न तिब्बत, भूटान तिर सिक्किमको मार्गहुँदै नेपालतिर पनि व्यापारिक सम्पर्क कायम गरेका मानिन्छ। यस तथ्यलाई अन्य गद्याकारहरू भन्दा पनि इन्द्र सुन्दासले आफ्ना गद्याख्यानहरूमा दार्जीलिङमा ब्रिटिश औपनिवेशिकरणको झलकहरूलाई सजीव चित्रण गरेका छन्।

● साहित्य सृजनको क्षेत्रमा इन्द्र सुन्दासको कलम कथा, उपन्यास, निबन्ध, अनुवाद आदि विविध

विधाहरूमा चलेको पाइन्छ।

● नेपाली साहित्य जगतमा एक सफल आख्यानकारको रूपमा परिचित इन्द्र सुन्दासले आफ्ना वरिपरीका विविध विषयवस्तु एवम् घटनाहरूलाई मात्र नभएर दार्जीलिङ पहाडी क्षेत्रमा ब्रिटिश उपनिवेशिकरणलाई अन्य लेखकहरूले भन्दा सौष्ठमयी ढङ्गमा प्रस्तुत गरेका छन्।

● इन्द्र सुन्दासका गध्याख्यानमा मूलरूपमा दार्जीलिङे गाउँले जनजीवनको चित्रण पाइन्छ। साधारण नेपालीहरूका दैनिक जीवनमा घट्ने स-साना घटना विशेषलाई टपक्क टिपी तिनका लोक संस्कार, रीतिरिवाज, शीलस्वभाव, मानसिकताको प्रभावकारी प्रस्तुतीकरणले उनका कथाहरू अत्यन्त मर्मस्पर्शी र जीवन्त हुनपुगेका छन्।

● इन्द्र सुन्दासले स्थानीय परिवेश, वातावरण एवम् प्रकृतिका चित्रणमा विशेष महत्व राख्ने हुनाले उनका आख्यानकृतिहरूमा स्थानीयताको रङ्ग वा आञ्चलिकताको राम्रो बान्की प्रस्तुत भएको पाइन्छ।

● सरल-सरस भाषाको प्रयोग, सुललित वर्णनशैली, व्यावहारिक बाग्धारा तथा बोलीको प्रयोग, आञ्चलिक भाषिकाको प्रयोग र सजिलो वाक्य-विन्यासले इन्द्र सुन्दासका गद्याख्यानहरू उच्चकोटिका ठहरिएका छन्।

● औपनिवेशिक सन्दर्भमा इन्द्र सुन्दासका गध्याख्यानहरूलाई अध्ययन गर्दा **रानी-खोला** (सन् १९६७), र **रोमन्थन** (सन् १९८९) कथा सङ्ग्रहभित्रका कतिपय कथाहरू, उनका चारैवटा उपन्यासहरू क्रमैले **मङ्गली** (सन् १९५८), **जुनेली रेखा** (सन् १९७९), **नियति** (सन् १९८२) र **सहारा** (सन् १९९५) आदिमा ब्रिटिशकालीन दार्जीलिङमा अङ्ग्रेजहरूको औपनिवेशिक वर्चस्वको उदाङ्गो चित्रण पाइन्छ।

● कथाकार इन्द्र सुन्दासको **रानी खोला (**सन् १९६७) कथा सङ्ग्रहमा जम्मा १२ वटा कथाहरू सङ्ग्रहित छन्। यी १२ वटा कथाहरू मध्ये 'गाड़ीमान', 'विधवाको छोरो', 'चामलको महँगी' र 'खाजा' गरी जम्मा ४ वटा कथाहरू औपनिवेशिक सन्दर्भमा आधारित पाइन्छ।

● **रानी खोला** कथा सङ्ग्रहको तेस्रो कथाको रूपमा रहेको 'गाड़ीमान' कथामा ब्रिटीशहरूको औपनिवेशिक शोषणले प्रताड़ित दार्जीलिङ क्षेत्रका वरिपरि गोरूगाड़ी हाँकेर आफ्नो दैनिक गुजारा गर्ने गाड़ीमानहरूको जीवनमा देखापरेको आर्थिक, सामाजिक औपनिवेशिकरणको झलक पाइन्छ।

● **रानी खोला** कथा सङ्ग्रहको पाँचौ कथा 'विधवाको छोरो' कथामा ब्रिटिशहरूको औपनिवेशिक शोषणले प्रताड़ित दार्जीलिङ क्षेत्रका वरिपरि आफुले भारी बोकेर भए पनि आफ्नो छोरो रनेको जस्तो सुखद भविष्यको कल्पना गर्ने नेपालीहरूको साँचो चित्र कथाकार सुन्दासले

उतारेका छन् । प्रस्तुत कथाले ब्रिटिशकालीन दार्जीलिङमा एउटी विधवाले बाँच्नको निम्ति गरेको चरम सङ्घर्षको यथार्थ चित्र पनि कोरेको छ।

● **रानी खोला** कथा सङ्ग्रहको छैंटौ कथा 'चामलको महँगो' कथामा गम्फे, जसे र देवमाया जस्ता समाजमा खटीखाने निम्नवर्गीय पात्र-पात्राहरूले ब्रिटिशकालीन दार्जीलिङमा सन् १९४० र ५० को दशकमा खाद्य आपूर्तिको समस्या झेल्नु परेको घटना पाइन्छ। ब्रिटिशहरूको औपनिवेशिक शोषणमा आर्थिक अभावले ग्रस्त भएको नेपाली समाजको चित्रण यस कथामा पाइन्छ ।

● **रानी खोला** कथा सङ्ग्रहको दशौं कथा 'खाजा' मा कथाकार सुन्दासले न्यून मजदूरीमा रगत पसिना बहाँउदै कमानमा चियापत्ती टिप्ने मजदूरहरूको भोक मेटाउने खाजाको अवस्था देखाएका छन् । दार्जीलिङ्गे चियाकमानको परिवेशभित्र ब्रिटिश औपनिवेशिकरणको वर्चस्व कस्तो थियो भन्ने पनि प्रस्तुत कथामा पाइन्छ।

● कथाकार इन्द्र सुन्दासको दोस्रो कथा सङ्ग्रह **रोमन्थन** (सन् १९८९) मा जम्मा १२ वटा कथाहरू सङ्कलित छन्। औपनिवेशिक सन्दर्भमा प्रस्तुत कथा सङ्ग्रह 'रोमन्थन' मा समावेश भएका उर्युक्त कथाहरूलाई अध्ययन गर्दा मूल रूपमा 'शेरसिंह गोरखा', 'ऐते पाइलट', 'लिपिबद्ध प्रमाण', 'चप्-फ्राइ' गरी जम्मा ४ वटा कथाहरू औपनिवेशिक सन्दर्भमा आधारित पाइन्छ।

● **रोमन्थन** (सन् १९८९) कथा सङ्ग्रहको पहिलो कथा 'शेरसिंह गोरखा' हो । प्रस्तुत कथामा भारत देश स्वतन्त्रपूर्व ब्रिटिश उपनिवेशकालीन दार्जीलिङको परिवेश तथा तिनताकका वासिन्दाहरूमा अङ्ग्रेजी भाषा र संस्कारको प्रभावलाई प्रकाश गर्दै दोस्रो विश्वयुद्धको उत्तरार्द्ध सन् १९५० र ६० को दशकबिचको अवधिलाई कथाकार इन्द्र सुन्दासले चित्रण गरेका छन् ।

● **रोमन्थन** कथा सङ्ग्रहको दोस्रो कथा 'ऐते पाइलट' मा कथाकारले ब्रिटिशकालीन दार्जीलिङको परिवेश, मानिसहरूको वैयक्तिक स्वाभाव, रेल विभागमा निम्न श्रेणीमा कार्यरत कर्मचारीहरूसितै खटीखाने मानिसहरूको आर्थिक, सामाजिक र शैक्षिक स्थितिको चित्रण गरेका छन्। ब्रिटिशकालीन औपनिवेशिक शोषणममा परेका दार्जीलिङको नेपाली जनसङ्ख्यामा अधिकाङ्श नै श्रमजीवी, सर्वहारा रहेको तथ्यलाई पनि कथाकार सुन्दालसे यस कथा मार्फत उदाङ्गो पारेका छन्।

● **रोमन्थन** कथा सङ्ग्रहको चौथो कथा 'लिपिबद्ध प्रमाण' मा १८ औं शताब्दिदेखि दार्जीलिङमा अङ्ग्रेजहरूले होटल व्यवसायको उद्योग शूरू गरेका अनि उक्त व्यवसायको कारणले स्थानीय भाषा, धर्म, शिक्षा र संस्कृतिमा समेत प्रभाव तुल्याएको कुरोलाई कथाकारले दर्शाएका छन् । अतः प्रस्तुत कथाभित्र अधिकाङ्श ब्रिटिशकालीन दार्जीलिङको परिवेश चित्रण भएको हुनाले सम्पूर्ण कथामै ब्रिटिश शासनको गन्ध पाइन्छ ।

● **रोमन्थन** कथा सङ्ग्रहको दशौं कथा 'चप्-फ्राइ' मा मूलरूपमा चिया उद्योगकोमाध्ययम मालिकहरूले चिया मजदूरहरूका खुन चुसेर गोदामलाई रातारात ताला लगाएर सुँइकुच्चा ठोकेपछि बिचल्नीमा परेका चिया मजदूरमाथि आर्थिक शोषणको चित्रण पाइन्छ।

● इन्द्र सुन्दासले आफ्ना चारैवटा उपन्यासहरू **मङ्गली** (सन् १९५८), **जुनेली रेखा** (सन् १९७९), **नियति** (सन् १९८२) र **सहारा** (सन् १९९५) को माध्ययम ब्रिटिश औपनिवेशिक शोषण तन्त्रलाई उजागर गरेका छन् । कमान क्षेत्रतिर आज पनि भिन्न रूपमा त्यो शोषणतन्त्र चलिरहेकै छ भन्न सकिन्छ । दार्जीलिङको चिया कमानहरूमा अहिले पनि नेपालीहरू अर्ध-औपनिवेशिक जीवन बाँच्न बाध्य छन् । अतः त्यही कुरालाई मध्यनजरमा राख्दै जनतालाई जाग्रत बनाउने दायित्व उपन्यासकारले लिएका बुझिन्छ।

● समकालीन भारतीय उपन्यासहरूमा निहित इतिहास चेतना र त्यसप्रतिको सत्तापक्षीय दमनाक सुन्दर उदाहरण सुन्दासका उपन्यासहरू हुन् भन्नसकिन्छ ।

● भारतीय उपमहाद्वीपलाई उपनिवेशको रूपमा लगभग दुई सय वर्षसम्म शासन गर्ने अङ्ग्रेजहरूको प्रभाव यहाँको समाजमा रहिआएको पाइन्छ ।

● भारतभित्रै पश्चिम बङ्गाल राज्यको रूपमा रहेका दार्जीलिङ पहाड़ी क्षेत्रलाई पनि अङ्ग्रेजहरूले भारतीय अन्य क्षेत्रहरूमा झैं आफ्ना उपनिवेशको रूपमा शासन र शोषण गरेका इतिहास पाइन्छ । यसरी भारत स्वतन्त्रपूर्व अङ्ग्रेजहरूले यस पहाड़ी क्षेत्रमा चिया उद्योग, बिजुली बत्तीको उत्पादन, बाटो-घाटो र रेल उद्योग, होटल र बोर्डिङ जस्ता पर्यटकीय उद्योगहरू सञ्चालन गरेका हुनाले त्यसको प्रत्यक्ष प्रभाव यहाँका जनमानससित सम्बन्धित सामाजिक, राजनैतिक, आर्थिक, भाषिक, शैक्षिक इत्यादि क्षेत्रहरूमा देखा परेको थाहा पाइन्छ । अतः भारतीय नेपाली साहित्यका अधिकाङ्श कृतिहरूका विषयवस्तुमा उक्त अङ्ग्रेजी औपनिवेशिक शासनकै झलकहरूलाई समावेश गरिएका वोध हुन्छ।

● ब्रिटिशकालीन औपनिवेशिक चित्रणलाई आफ्नो रचनाहरूमार्फत प्रकाश पार्ने इन्द्र सुन्दासकै समकालीन गद्याख्यानकारहरूमा रूपनारायण सिंह, हायमनदास राई 'किरात', शिवकुमार राई, एम. एम. गुरूङ, इन्द्र बहादुर राई बद्रीनारायण प्रधान, लैनसिंह बाङ्देल, रविन्द्र कुमार मोक्तान, सुवास, असित राई अनि प्रकाश 'कोविद' आदि प्रमुख रहेका पाइन्छन्।

● भारतीय नेपाली साहित्यमा एक स्थापित गद्याख्यानकारका रूपमा चिनिने इन्द्र सुन्दासका कथा र उपन्यासहरूमा ब्रिटिशकालीन दार्जीलिङका जनमानसले भोगेका औपनिवेशिक शोषणको चित्रणले वर्तमानमा पनि एउटा बाटो देखाउने प्रयास गरेको बुझिन्छ ।

● वस्तुतः वर्तमानमा भारतीय नेपाली साहित्यको विकास र परम्परामा गद्याख्यानले एउटा छुट्टै स्थान स्थापित गरेको छ ।

● ब्रिटिशकालीन दार्जीलिङको परिवेशलाई आफ्ना गद्याख्यानहरूका माध्ययम प्रकाश पार्ने भारतीय नेपाली गद्याख्यानकारहरूमा इन्द्र सुन्दास अग्रणी रहेका थाहा लाग्छ। आजको साहित्य अध्ययन र अध्यापनको क्षेत्रमा उनका कृतिहरूलाई औपनिवेशिक सन्दर्भमा जोखेर अध्ययन र मूल्याङ्कन गर्न आवश्यकीय र महत्वपूर्ण ठहर्दछ।